अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०८/०९ सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरण।

| सि.नं. | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **प्रतिवादी**<br>पिताम्बर सारु, समेत कूल १० जना (पिताम्बर सारु, महेश सिंह कठायत, हस्त बहादुर मल्ल, कर्ण रावल, पशुपती शाही, चक्र बहादुर सावत, हजर कला कामी, उन बहादुर शाही, राधिका रावल र बिजुली मल्ल लाई आरोप दावीबाट) प्रतिवादीहरु भएको, विशेष अदालत मुद्दा नं.: ०८०-CR-००९२ विशेष अदालत फैसला मितिः२०८१।०३।१८ | **गैरकानुनी लाभ हानी पुऱ्याई भ्रष्टाचार गरेको। ।** | प्रस्तुत मुद्दामा देहाय बमोजिमका राष्ट्रसेवकहरु समेत उपर सजायको मागदाबी लिइएको तथा सोको सम्बन्धमा सम्मानित बिशेष अदालतबाट निम्नानुसारको फैसला भएको अवस्था विद्यमान छः<br>१। जिल्ला प्रतिवादीहरु पिताम्बर सारु, महेश सिंह कठायत र हस्त बहादुर मल्लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) अनुसारको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी विगो रु.२८,६२,४५९/८४ असुल उपर हुन समेतको मागदावी लिई आरोपपत्र दायर भएको देखिन्छ।<br>२। प्रतिवादीहरु उन बहादुर शाही, राधिका रावल र बिजुली मल्ललाई भ्रष्टाचार निवारण ऐनको दफा ८ को उपदफा (४) बमोजिमको कसूरमा सोही अनुसार कैद तथा जरिवाना गरी पाउने मागदावी लिई आरोपपत्र दायर भएको देखिन्छ।<br>**३**। प्रतिवादीहरु चक्र बहादुर सावत, सदस्य हजर कला कामी, महेश सिंह कठायत,कर्ण रावल र पशुपती शाहीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही अनुसार कैद तथा जरिवाना गरी पाउने मागदावी लिई आरोपपत्र दायर भएको देखिन्छ।<br>__विशेष अदालतको फैसलाः__<br>प्रतिवादीहरु पिताम्बर सारु, महेश सिंह कठायत, हस्त बहादुर मल्ल, कर्ण रावल, पशुपती शाही, चक्र बहादुर सावत, हजर कला | __फैसलाः__<br>प्रस्तुत मुद्दामा कूल १० जना प्रतिवादीहरु सबैजनाले आरोपित कसूरबाट सफाई पाउने ठहरी फैसला भएको अवस्था छ ।<br>__**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**__<br>**क.** ताल्चा सल्लेरी सडक स्तरोन्नती उपभोक्ता समितिका अध्यक्ष उन बहादुर शाही समेतले आयोजनाको काम मानिसवाट काम नगराई मेशिन प्रयोग गरिएको भन्ने तथ्य पुष्टी हुन सकेको नदेखिएको।<br>**ख.** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट खटिएका प्राविधिकहरुको प्रतिवेदनमा हार्ड सफ्ट स्वाईल, मिडियम रक र हार्ड रकको काम नभएको भनी विगो दावी गरिएको नदेखिएको।<br>**ग.** आयोगका सव ईन्जिजियर रेशम बहादुर शाहीको प्रतिवेदनमा आरोपित प्रतिवादीहरु र जिम्मेवार व्यक्ति तथा स्थानीय भद्र भलादमीहरु राखी मुचुल्का बनाइएको नदेखिएको। | **घ.** जिल्ला मुगु छायाँनाथ रारा नगरपालिका, वडा नं. ७ र ८ मा अवस्थित ताल्चा सल्लेरी सडक स्तरोन्नति कार्य अर्डिनरी स्वायल, हार्ड स्वायल, सफ्ट रक, मिडियम रक र हार्ड रकमा मानिसहरुद्वारा खन्ने कार्य गर्नु पर्ने भनी लागत अनुमान तयार भएको देखिन्छ। सो योजनामा छायाँनाथ रारा नगरपालिकाले आ.व. २०७४/०७५ मा रु.८१,००,०००/-लाख र उपभोक्ता समितिवाट रु.१८,७१,४९४/२६ गरी जम्मा रु.९९,७१,४९४/२६ को लागत अनुमान स्वीकृत भएको र सोही लागत अनुमान अनुसार मिति २०७५/०२/१५ सम्ममा सम्पूर्ण कार्य सकिने गरी मिति २०७४/१२/२१ मा नगरपालिका र ताल्चा सल्लेरी सडक स्तरोन्नती उपभोक्ता समिति विचमा संझौता भएको देखिन्छ। सो नगरपालिकाका इञ्जिनियर महेश सिंह कठायतले द्विपक्षीय सम्झौता तथा प्राविधिक ईष्टिमेट अनुसार कार्य सम्पन्न भएको भनी प्रतिवेदन दिएकोले सोही प्रतिवेदन अनुसार रु.९८,१३,४५३/९० (अन्ठानब्बे लाख तेह्र हजार चार सय त्रिपन्न रुपैयाँ पैसा नब्बे) को कार्य भएको मूल्याङ्कन गरी त्यसमा रु.१७,१३,४५४ बराबरको जनसहभागिता र कन्टिन्जेन्सी कटाई गोश्वारा भौचर नं. ६०, मिति २०७५/०४/२५ बाट रु.७६,९५,०००/- (छहत्तर लाख पन्चानब्बे हजार) रकम उपभोक्ता समितिका अध्यक्ष उन बहादुर शाहीलाई भुक्तानी गरेको उक्त आयोजनाको लागत अनुमान तयार गर्दा अर्डिनरी स्वायल, हार्ड स्वायल, सफ्ट रक, मिडियम रक र हार्ड रकमा मानिसहरुद्वारा खन्ने काम गर्नु पर्ने भनी उल्लेख भई सोही बमोजिमको काम भएको भनि भुक्तानी दिइएकोमा अर्डिनरी स्वायल खन्ने कामहरु मात्र मानिस नभई मेशिन प्रयोग गरेर खन्ने काम गरी मानिसबाट खनेको देखिई गलत प्रतिबेदन समेत तयार गरि रकम अनियमितता गरेको भन्ने समेत ब्यहोरा उजुरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परि सो सन्दर्भमा अनुसन्धान छानविन गर्ने शिलशिलामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेतबाट खटिई गएका सव इञ्जिनियर रेशम वहादुर वली समेतको टोलीले मिति २०७७/१०/०७ मा पेश गरेको स्थलगत नापजाँच प्रतिवेदनमा सो सडक स्तरोन्नति गर्दा १ किलोमिटर लम्बाईमा ५,२२८.८७ घनमिटर व्याक कटिङ (तालिका नं. ४) र १.०६ किलोमिटरमा ग्रावेलिङको कार्य गरी सडक स्तरोन्नति गरेकोमा ग्रावेलिङ कार्यमा कैफियत देखिएको अवस्था छैन भने माटो कटिङको कार्य गर्दा अर्डिनरी स्वायल, हार्ड स्वायल, सफ्ट रक, मिडियम रक र हार्ड रकको कामको भुक्तानी गरेको देखिएता पनि हार्ड स्वायल, सफ्ट रक, मिडियम रक र हार्ड रकको काम गरेको नदेखिएको, सो सडक खण्डको सम्पूर्ण काम मानिसद्वारा गर्ने गरी लागत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कामी, उन बहादुर शाही, राधिका रावल र बिजुली मल्ल लाई आरोप दावीबाट सफाई हुने ठहर गरी विशेष अदालतवाट फैसला भएको देखिन्छ। | | अनुमान र सम्झौता गरेता पनि सडक निर्माण कार्यमा मेशिन प्रयोग गरी खन्ने कार्य गरेको भन्ने समेत ब्यहोरा उल्लेख भएको देखिन्छ। त्यसै गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेतबाट खटिई गएका सि.डि.इञ्जिनियर लक्ष्मी प्रसाद भण्डारी समेतको टोलीले मिति २०७९/३/१६ मा पेश गरेको स्थलगत नापजाँच प्रतिवेदनमा समेत सो सडक स्तरोन्नति कार्य मेशिन प्रयोग गरी निर्माण गरेको पाइएको देखिएको र स्थलगतरूपमा गरिएको मुचुल्कामा सो सडक स्तरोन्नतिका लागि १ किलोमिटर लम्बाईमा माटो कटिङ गरिएको र १.०६ किलोमिटरमा ग्राबेलिङको कार्य गरिएको, उक्त सडकको स्वायल कटिङ्गको सम्बन्धमा हेर्दा उक्त निर्माण कार्यमा अर्डिनरी स्वायल कटिङ गरिएको, उक्त सडक मानिसद्वारा निर्माण गर्नेगरी लागत अनुमान तयार भएता पनि मेशिनबाट कटिङ भएको भनी खुलाई दिएको देखिदा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट खटिई गएका सवइञ्जिनियर रेशम वहादुर वली समेत र सि.डि.इञ्जिनियर लक्ष्मी प्रसाद भण्डारीले पेस गर्नु भएको प्राविधिक प्रतिवेदन अनुसार उक्त आयोजनामा मानिसहरुबाट खन्ने कार्य नगरि मेशिन प्रयोग गरि मानिसबाट खनेको देखाइ गलत प्रतिवेदन समेत तयार गरि बढी रकम भुक्तानि गरि हानी नोक्सानी गरेको तथ्य पुष्टी भई रहेको अवस्थामा उक्त प्राविधिक प्रतिवेदन एवं स्थलगत मुचुल्का समेतका प्रमाणहरुको मुल्याङ्कन विश्लेषण नगरि प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिने ठहर गरि भएको फैसला त्रुटिपुर्ण हुदाँ बदरभागी छ।<br>**ङ.** उक्त सडकको खुद माटो काटेको परिमाण पनि ५०२८.८ घनमिटर (तालिका नं. ४) रहेको तथ्य मिशिल संलग्न प्राविधिक प्रतिबेदनहरुवाट पुष्टि भएको छ।उक्त माटो कटिङ्गको कार्य मेसिनबाट भएको तथ्य मिशिल संलग्न प्राविधिकहरु प्रतिबेदन एवं बकपत्र समेतबाट पुष्टि भएको छ।मेसिनबाट माटो कटिङ्ग भएको सन्दर्भमा तत्कालिन समय अर्थात आ.व. २०७४/०७५ को सडक विभागको Spec.cl.no.९०५ अनुसार १ (एक) घनमिटर माटो मेशिन प्रयोग गरी काट्ने कार्य गर्दा रु.८१.३६ (एकासी रुपैयाँ छत्तीस पैसा) दररेट तोकिएको देखिन्छ। स्थलगत नापजाँचबाट प्राप्त परिमाण (तालिका नं. ४) अनुसार उक्त माटो कटान कार्यमा सडक विभागको तत्कालिन कायम दररेट अनुसार जम्मा रु.४,०९,१४३/१६ (चार लाख नौ हजार एक सय त्रिचालीस रुपैयाँ पैसा सोह्र) हुन आउने देखिन्छ। उक्त योजनामा यि प्रतिवादीहरुले मानिसबाट अर्डिनरी स्वायल, हार्ड स्वायल, सफ्ट रक, मिडियम रक र हार्ड रक कटिङ गरेको भनी नापी किताबमा चढाई रु.३२,७१,६०३/- (बत्तीस लाख एकहत्तर हजार छ सय तीन रुपैयाँ) (तालिका नं. ३) भुक्तानी गरेकोमा मानिसबाट नभई मेशिनवाट कटिङ्ग गर्दा लाग्ने रु ४,०९,१४३/१६ (चार लाख |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | नौ हजार एक सय त्रिचालीस रुपैयाँ पैसा सोह्) घटाउदा सो कार्यमा यि प्रतिवादीहरुले रु.२८,६२,४५९/८४ (अठ्ठाइस लाख बैसठ्ठी हजार चार सय उन्साठी रुपैयाँ पैसा चौरासी) बढी भुक्तानी गरेको पुष्टि हुदाँ हुदाँ अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट खटिएका प्राविधिकहरुको प्रतिवेदनमा हार्ड सफ्ट स्वाईल, मिडियम रक र हार्ड रकको काम नभएको भनी बिगो दावी गरिएको नदेखिएको भन्ने जस्ता अर्थहिन तर्क प्रस्तुत गरि प्रतिवादीहरुलाई सफाई दिने ठहर दिने गरि भएको फैसला प्रमाण विश्लेषणको रोहमा त्रुटिपुर्ण देखिएकोले बदर भागी छ।<br>**च.** उक्त योजना मिति २०७४/१२/२१ गते सम्झौता भई मित २०७५/०२/१५ गते योजना सम्पन्न भएको देखाईएको छ।सो योजनामा नगरपालिकाकाका इञ्जिनियर प्रतिवादी महेश सिंह कठायतले द्विपक्षीय सम्झौता तथा प्राविधिक ईष्टिमेट अनुसार कार्य सम्पन्न भएको भनी अनुगमन प्रतिवेदन दिएको देखिएको र सोको आधारमा उपभोक्ता समितिलाई रकम भुक्तानी भएको देखिन्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट खटिई गएका सवइञ्जिनियर रेशम वहादुर वली समेत र सि.डि.इञ्जिनियर लक्ष्मी प्रसाद भण्डारीले पेश गर्नु भएको अलग अलग स्थलगत मुचुल्का सहितको प्राविधिक प्रतिवेदनमा सो सडक स्तरोन्नति कार्य मेशिन प्रयोग गरी निर्माण गरेको पाइएको व्यहोरा उल्लेख भइ उक्त प्रतिवेदन ब्यहोरा निज प्रतिबेदकहरुले अदालतमा गरेको बकपत्रबाट पुष्टि भएको देखिन्छ। सो सडकको लागी खुद काटेको माटोको परिमाण ५०२८.८७ घनमिटर रहेको देखिन्छ।आ.व. २०७४/०७५ को सडक विभागको Spec.cl.no.९०५ अनुसार १ (एक) घनमिटर माटो मेशिन प्रयोग गरी काट्ने कार्य गर्दा रु.८१.३६ (एकासी रुपैयाँ छत्तीस पैसा) दररेट तोकिएको तथ्य मिशिल संलग्न विवरणबाट पुष्टि भए कै देखिन्छ। यि प्रतिवादीहरुले उक्त माटो कटान कार्यमा मेशिनको प्रयोग गरि जम्मा रु.४,०९,१४३/१६ (चार लाख नौ हजार एक सय त्रिचालीस रुपैयाँ पैसा सोह्) मात्र कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख गर्नु पर्नेमा मानिसबाट अर्डिनरी स्वायल, हार्ड स्वायल, सफ्ट रक, मिडियम रक र हार्ड रक कटिङ गरेको भनी नापी किताबमा चढाई रु.३२,७१,६०३/- (बत्तीस लाख एकहत्तर हजार छ सय तीन रुपैयाँ)) भुक्तानी गरेको देखिदा माटो कटिङ कार्यमा रु.२८,६२,४५९/८४ (अठ्ठाइस लाख बैसठ्ठी हजार चार सय उन्साठी रुपैयाँ पैसा चौरासी) बढी भुक्तानी गरि हिनामिना गर्ने उदेश्यले यि प्रतिवादीहरु चक्र बहादुर सावत, सदस्य हजर कला कामी, महेश सिंह कठायत,कर्ण रावल र पशुपती शाहीले गलत प्रतिवेदन दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेको तथ्य पुष्टि भएको देखिदा देखिदै सो तथ्यको वेवास्ता गरि प्रतिवादिहरुलाई सफाई दिई भऐको फैसला बदर भागी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | छ।<br>**छ.** प्रमाण ऐन, २०३१ को दफा २० मा प्रचलित नेपाल कानून बमोजिम कुनै काम, घटना वा अवस्थाका सम्वन्धमा कुनै टिप्पणी वा प्रतिवेदन तयार गरि कुनै खास ठाँउ वा कार्यालयमा पेस गर्नु पर्ने कानूनी कर्तब्य भएका ब्यक्तिले आफनो कर्तब्य पालनको शिलसिलामा लेखेको त्यस्तो टिप्पणी वा प्रतिवेदन प्रमाणमा लिन हुन्छ भन्ने  कानूनी ब्यवस्था रहेको देखिन्छ। सोही ऐनको दफा १८ मा कुनै काम घटना वा अवस्थाका सम्वन्धमा भएको अनुसन्धान वा जाँचबुझको शिलशिलामा प्रचलित नेपाल कानुन बमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा ब्यक्त गर्ने ब्यक्ति साक्षीको रुपमा अदालतमा उपस्थित भइ बकपत्र गरेमा प्रमाणमा लिन हुन्छ भन्ने कानूनी ब्यवस्था रहेको देखिन्छ। प्रस्तुत मुद्दामा स्थलगत नापजाँच गरि प्राविधिक प्रतिवेदन गर्ने प्रतिवेदकहरु सव इन्जिनियर रेशम वहादुर वली र सि.डि. इन्जिनियर लक्ष्मी प्रसाद भण्डारी समेतले अदालतमा उपस्थित भई आफ्नो प्रतिवेदनलाइ सोधपुछ जिरह प्रक्रियाबाट पुष्टि हुने गरी बकपत्र गरेको देखिदा Cross Examination बाट पुष्टि भएको प्रमाणलाई ग्रहण नगरि विश्वासनीयताको  आत्मगत तर्क गरि भएको फैसला नेपाल सरकार वि. वैद्यनाथ पण्डित भएको ने.का.प. २०६४ वैशाख, अंक १, नि.नं. ७८०९ मुद्दामा प्रतिपादित सिद्धान्त विपरीत भएकोले बदरभागी छ।<br>**ज.** प्रतिवादीहरुले कसूरमा इन्कारी भई बयान गरेतापनि उक्त योजनामा माटो खन्ने कार्यमा मेशिन प्रयोग गरेको तथ्य स्थलगत मुचुल्का सहित सि.डि.ई. लक्ष्मी प्रसाद भण्डारी समेतले पेश गरेको प्रविधिक प्रतिबेदनबाट पुष्टि भएको देखिन्छ। उक्त स्थलगत मुचुल्कामा स्थानिय मानिसहरु खड्क जंग शाही, चक्र वहादुर शाही र विष्णु कुमार शाही, रोहवरमा विजुली मल्ल र नन्द वहादुर मल्ल रहेको तथा काम तामेल गर्नेमा उपसचिव भेषराज रिजाल र प्र.ना.नि. पुर्ण वहादुर गुरुङले हस्ताक्षर गरेको देखिन्छ भने आयोगका प्रतिवेदक सव इन्जिनियर रेशम वहादुर वलीले गरेको बकपत्रको स.ज. ८ मा स्थानीय सरोकारवाला समुदायको सोधपुछवाट मुचुल्का वनाइएको र योजना स्थलको फोटो समेत मिसिल संलग्न रहेको छ भन्ने समेत ब्यहोरा उल्लेख भएको देखिदा देखिदै मुचुल्कामा स्थानीय भलादमी नराखिएको भनी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपुर्ण देखिदा बदरभागी छ।<br>**झ.** प्रतिवादीहरु निमित्त  प्रमुख प्रशासकिय अधिकृत पिताम्वर सारु, इञ्जिनियर महेश सिंह कठायत, अ.सव इञ्जिनियर हस्त बहादुर मल्ल, उपभोक्ता समितिका अध्यक्ष उन बहादुर शाही, उपभोक्ता समितिका सचिव राधिका रावल, वडाध्यक्ष कर्ण रालव,अनुगमन समितिका सदस्यहरु  चक्र बहादुर सावत र हजर कला कामी, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | उपभोक्ता समितिका कोषाध्यक्ष बिजुली मल्ल समेत प्रस्तुत योजनाको प्रारम्भ देखि अन्तिम भुक्तानी सम्मको विभिन्न काममा जिम्मेवारी (Duty and Obligation) तोकिएको पाईन्छ। Public Authority बहन गर्न यी प्रतिवादीहरुले Public Trust Doctrine अनुसार पदको दुरुपयोग नगरी जनहित, पारदर्शिता र उत्तरदायीपूर्ण तरिकाले कार्य गर्नुपर्ने हुन्छ। योजनाको नापजाँच गर्दा लागत अनुमान र संझौता अनुसार गरिएको छ छैन सोको Cross Checking गरी अन्तिम भुक्तानी दिने दायित्व यि प्रतिवादीहरुमा रहेको देखिन्छ। Doctrine of Conspiracy को सिद्धान्त अनुसार प्रत्यक्ष प्राविधिक भूमिका नभएपनि भ्रष्टाचारजन्य कार्यमा योजना मिलेमतो गरी Failure to do one's duty of obligation पनि Corruption को सुक्ष्मरुपमा भएकोले उक्त योजनामा नापी कितावमा उल्लेख भए अनुसारको काम नभएको तथ्य पुष्टि भई रहेको अवस्थामा गलत निर्णयमा संलग्न रहेको यि प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला ने.का.प. २०७२ असार, अंक ३, नि.नं. ९३७४ मा प्रतिपादित सिद्धान्त समेतको आधारमा त्रुटीपूर्ण हुँदा बदरभागी छ। |